मादी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

थुमाकोडाँडा, गण्डकी प्रदेश, नेपाल

पत्र संख्या: २०७९।८०
च नं

## स्थानिय सेवा (गठन तथा सञ्चलन) ऐन, २०७९ बमोजिम स्तरबृद्दि गर्ने सम्बन्धि सूचना

सूचना नं. : /०७९।०८० (स्तरबृद्दि) सूचना प्रकाशन मिति : २०८०।०३।२८

स्वास्थ्य सेवा ऐन २०५३ को दफा ९(१) नेपाल स्वास्थ्य सेवा नियमावलि २०५५ को नियम ८४"क" तथा गण्डकी प्रदेश को स्थानिय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा २७(३),(४) र (८)मा भएको स्तरवृद्दी को व्यवस्था बमोजिम तपशिलमा उल्लेखीत सर्तहरु पुरा भएका समायोजन पुर्व नियुक्ति भइ यस पालिकामा समायोजन भएका तथा कामकाजमा रहेका स्वास्थ्य सेवाका इच्छुक स्थायी कर्मचारीहरुले मादी गाउँपालिकाको को वेवसाइट madimunkaski.gov.np मा राखीएको स्तरवृद्दि सम्वन्धि निवेदन फाराम डाउनलोड गरी फाराममा उल्लेखीत विवरण खुलाई संभव भएसम्म नेपाली कागजमा प्रिन्ट गरी आफू कार्यरत शाखा प्रमुखबाट प्रमाणित गराई दुई प्रति तयार गरी २०८०।०४।०४ गते सम्ममा यस कार्यालयको प्रशासन शाखा बुझाउनु हुन सुचित गरिन्छ । म्याद नाघी प्राप्त हुन आएका र अपुरो विवरण भरी पेश भएका र तोकिए बमोजिमका कागजात संलग्न नभएका आवेदनलाई स्तरवृद्दि को प्रक्रियामा सामेल नगराइने बेहोरा समेत यसै सूचना मार्फत सुचित गराइन्छ ।

स्तरवृद्दिका लागी आश्यक न्युनतम सर्त तथा योग्यताहरू:

१. स्वास्थ्य सेवा ऐन २०५३ दफा ९ को उपदफा १ वमोजिमको सेवाअवधि, पछिल्ला दुइ वर्षको का. स .मु .मा कम्तिमा उत्तम अंक प्राप्त गरेको र तोकिएको दुर्गम क्षेत्रमा तोकिएको सेवा अवधि काम गरेको प्रमाणित ।
२. स्वास्थ्य सेवा ऐन २०५३ दफा ९ को उपदफा २ को प्रतिवन्धात्मक व्यवस्था अनुसारको अवस्था भएमा सो कुरा उल्लेख गरिएको प्रमाण ।
३. सोहि ऐनको दफा ९क मा रहेको नकारात्मक सुचिमा नपरेको खुल्ने कागजात ।

आवश्यक कागजात

१ शुरु नियुक्ति पत्र
२ स्तरवृद्दी भएको भए सो पत्र

२०८०।३।२८

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत